

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन १५ गते सोमबार ❑ 27 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## आठ दलको बैठक : कार्यदल गठन

**रासस**
काठमाडौं, १४ फागुन

नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) लगायत आठ दलको बैठकले राष्ट्रपति निर्वाचनलाई लक्षित गरी कार्यदल गठन गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार साँझ बसेको भएको बैठकले कांग्रेस उपसभापति पूर्णबहादुर खड्का नेतृत्वको कार्यदल गठन गरेको हो । कार्यदलमा माओवादी केन्द्रका महासचिव देव गुरुङ, एकीकृत समाजवादीका महासचिव बेदुराम भुसाल, जनता समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ, जनमत पार्टीका नेता अब्दुल खाँ, लोकतान्त्रिक समाजवादी पार्टीबाट शरत्सिंह भण्डारी, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी र राष्ट्रिय जनमोर्चाबाट चित्रबहादुर केसी हुनुहुन्छ । कार्यदलमा रहेका सदस्यले राष्ट्रपति निर्वाचनमा आ-आफ्नो पार्टीको जिम्मा लिनुपर्नेछ । बैठकले यही फागुन २३ गतेभित्र गठबन्धनमा आबद्ध सबै दलका सबै सांसदहरूलाई काठमाडौं आउन निर्देशन दिने निर्णय पनि गरेको जसपाका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

त्यसैगरी, बैठकले फागुन १८ गते संघीय सांसदलाई अभिमुखीकरण दिने र १९ गते सातै प्रदेशमा निर्वाचनलक्षित कार्यक्रम गर्ने निर्णय गरेको छ । सबै दललाई राष्ट्रपतिको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई सहयोग गर्न आह्वान गर्ने बैठकको निर्णय छ ।

कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चाका शीर्षनेताहरुको बैठकमा उपराष्ट्रपतिको निर्वाचन, पछिल्लो समय विकसित राजनीतिक घटनाक्रम, सत्ता साझेदारी लगायतका विषयमा पनि छलफल भएको थियो ।

बैठकमा प्रधानमन्त्री तथा माओवादीका अध्यक्ष प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', महासचिव देव गुरुङ, कांग्रेस सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का, जसपा अध्यक्ष उपेन्द्र यादव, नेकपा (एस)का नेता घनश्याम भुसाल, लोसपाका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ, नेत्री एलिजा गौतमलगायत सहभागी हुनुभएको थियो । निर्वाचन आयोगले शनिबार राष्ट्रपतिको मनोनयन दर्ता र फागुन २५ गते राष्ट्रपतिको निर्वाचनको तालिका तय गरेको छ । शुक्रबार बसेको आठ दलको बैठकले कांग्रेसको उम्मेदवारलाई आगामी राष्ट्रपतिको निर्वाचनमा समर्थन गर्ने निर्णय गरेको थियो । कांग्रेसले राष्ट्रपतिमा वरिष्ठ नेता रामचन्द्र पौडेललाई राष्ट्रपतिको उम्मेदरवार बनाउने निर्णय गरेअनुसार उहाँले उम्मेदवारी दर्ता गर्नुभएको छ ।

## 'जनतासँग पार्टी अभियान'

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले आइतबारदेखि गण्डकी प्रदेशका सबै जिल्लामा 'जनतासँग पार्टी अभियान' सञ्चालन गर्ने भएको छ ।

सहिद सप्ताहको पहिलो दिन पारेर सुरुआत भएको अभियान प्रदेशका सबै जिल्लामा एकसाथ सञ्चालन गर्न लागिएको माओवादी केन्द्र गण्डकीका अध्यक्ष गायत्री गुरुङले बताउनुभयो । उहाँका अनुसार केही दिनअघि बसेको प्रदेशको छैटौं पूर्ण बैठकले केन्द्रीय योजनाअनुसार प्रदेशमा अभियान चलाउने निर्णय गरेको हो ।

यस क्रममा पार्टीका सबै नेता, कार्यकर्ता दुई महिना जनता, सहिद परिवार, घाइते र बेपत्ता योद्धाका परिवारका बीचमा गएर पार्टी पुनःनिर्माणका बारेमा सुझाव लिनेछन् । अध्यक्ष गुरुङले भन्नुभयो, "यो अभियान प्रदेशका १८ प्रतिनिधिसभा र ३६ प्रदेशसभा निर्वाचन केन्द्रित कार्यक्रममा पार्टी केन्द्रीय सदस्य साथ पार्टी प्रदेश पदाधिकारीको प्रत्यक्ष कमाण्डमा एकैपटक सबै प्रदेशसभा निर्वाचन क्षेत्रमा चल्नेछ । मुख्यगरी पार्टीको सबै शक्तिलाई जनतासँग जोड्ने र उनीहरूका सुझाव लिने उद्देश्य अभियानको हो ।"

माओवादीले अभियानका लागि 'टिप्पणी सुझाव र सङ्गठनका लागि नेता, कार्यकर्ता र जनतासँग भेट गरौं, विचार र नेतृत्वका आधारमा सङ्गठित तागत निर्माण र समृद्धिमा जोड गरौं' भन्ने नारा अघि सारेको छ ।

दुई महिनाको अभियानमा माओवादीले स्थानीय तह जितेका ठाउँमा पार्टीको चुनावी प्रतिबद्धतासहितको समाजवादको आधार तयार पार्ने योजना लागू गर्न योजनाबद्ध काम गर्ने, विजय हासिल नभएका ठाउँमा जनताका समस्या हल गर्न पालिकाहरूमा पहल गर्ने भएको छ । यसैगरी जनयुद्धका पूर्णकालीन र पार्टीका एकता भएपछि सबै पुराना छुटेका कार्यकर्ताहरूसँग र जेल हिरासतमा परेकाहरूको सूची तयार पारी घर-घरमा गएर भेटघाट गर्ने, सुझाव लिने र पार्टीमा पुनःसङ्गठित गर्ने अभियानको योजना रहेको माओवादीले जनाएको छ ।

पालिकाहरूमा उत्पादनका लागि सम्भाव्यता अध्ययन गर्ने र विज्ञहरूसँगसमेत छलफल गरी दुईमहिने अभियान सफल बनाउन प्रदेश पार्टी फिल्डमा लागेको अध्यक्ष गुरुङले बताउनुभयो ।

## तेस्रो कार्यकाल आगामी पुस्ताले गर्व गर्न लायक बनाउनेछु : प्रधानमन्त्री दाहाल

**पोखरापत्र संवाददाता**
गोरखा, १४ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकाल आगामी पुस्ताले गर्व गर्न लायक बनाउने बताउनुभएको छ ।

गोरखाको बारपाक सुलिकोट गाउँपालिकामा २६औँ दिलबहादुर रम्तेल स्मृति दिवसको अवसरमा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले विकास निर्माणका ठूला परियोजना र सुशासनमार्फत आफ्नो तेस्रो कार्यकाल आगामी पुस्ताले सम्झन लायक बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । 'नेपालको अहिलेको अर्थतन्त्रलाई अझ बढी सङ्कटतर्फ जान नदिने र सुधारतर्फ लैजाने साह्रै ठूलो दायित्व वर्तमान सरकारको काँधमा छ', उहाँले भन्नुभयो, 'सुशासन स्थापना गर्ने चुनौती पनि हाम्रो अगाडि छ मैले त्यसको थालनी गरिसकेको छु ।' प्रधानमन्त्री दाहालले सुशासन र समृद्धिका लागि प्रधानमन्त्रीमा निर्वाचित भए लगत्तै संसद्मा आफूले गरेको प्रतिबद्धता पूरा गरेरै छोड्ने बताउनुभयो । उहाँले आफ्नो नेतृत्वमा सरकार गठन भएको दुई महिना बित्दा नबित्दै अर्थतन्त्रमा सकारात्मक सुधारको सङ्केत देखा परिसकेको भन्दै यो नेपाल र नेपाली जनताका लागि खुसीको कुरा भएको बताउनुभयो ।

देशमा सुशासन स्थापना गर्न उच्चस्तरीय प्रशासनिक सुधार आयोग गठन गर्ने र अनावश्यक संरचना, जनशक्तिलाई हटाएर मितव्ययी बनाउने जस्ता गुणात्मक सुधारको थालनी सरकारले गरिसकेको प्रधानमन्त्री दाहालको भनाइ छ । प्रधानमन्त्री दाहालले अबको बाँकी जीवन सुशासन तथा समृद्धिका निम्ति र देशको विकासका निम्ति खर्च गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै त्यसका लागि सबै नेपाली जनताको साथ चाहिएको उल्लेख गर्नुभयो । फरक प्रसङ्गमा प्रधानमन्त्री दाहालले यही फागुन २५ गते हुन लागेको राष्ट्रपतिको निर्वाचन सर्वसम्मत गराएर राष्ट्रिय सहमतिको वातावरण कायम गर्न आफू लागि परेको बताउनुभयो । 'अहिले पनि नेकपा (एमाले) सँग लगातार कुरा भइरहेको छ', प्रधानमन्त्री दाहालले भन्नुभयो, '२५ गतेसम्म जाँदा राष्ट्रपतिमा सर्वसम्मत भयो भने धेरै राम्रो हुन्छ, त्यो कोसिस पनि हामी गरिरहेका छौं ।' उहाँले त्यसो हुन नसके पनि नयाँ राजनीतिक यात्रा स्थायित्व र विकासका निम्ति अझ सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले निर्वाचनमा मत माग्ने क्रममा गोरखाका कच्ची सडकलाई स्तरोन्नति गर्ने, कालोपत्र गर्ने प्रतिबद्धता व्यक्त गरेअनुसार त्यसलाई कार्यान्वयन प्रक्रियामा लैजाने बताउनुभयो । उहाँले प्रधानमन्त्रीमा निर्वाचित भएपछि गोरखाका जनतालाई पहिलो पटक भेट्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । सोही अवसरमा उहाँले जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलकी आमा चरिमाया रम्तेल र बुबा सेते रम्ते लगायतका सहिद परिवारलाई दोसल्ला ओढाएर सम्मान समेत गर्नुभयो । विसं २०५२ फागुन १४ गतेका दिन सूर्यज्योति माविका शिक्षक वीरबहादुर गुरुङलाई तत्कालीन प्रहरीले गिरफ्तार गरेपछि शिक्षकलाई छुटाउन भन्दै विरोध प्रदर्शनमा उत्रिएका बेला प्रहरीले चलाएको गोली लागेर १० वर्षीय रम्तेलको मृत्यु भएको थियो ।

## पोखरा ४ का वडा सदस्य श्रेष्ठको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

पोखरा महानगरपालिका वडा न.४ का वडा सदस्य संजय कुमार श्रेष्ठको उपचारकै क्रममा आइतबार बिहान निधन भएको छ ।

नेपाली कांग्रेस पोखरा महानगर समिती सदस्य समेत रहेका वडा सदस्य श्रेष्ठको ५१ बर्षको उमेरमा आज बिहान करिब ३:०० बजे निधन भएको उनको पारीवारिक श्रोतले जनाएको छ ।

शुक्रबार एकाएक रगत सहित बमिट गरेका श्रेष्ठको उपचारकै क्रममा अस्पतालमा निधन भएको हो । उनी जण्डिस रोगबाट समेत प्रभावित भएको उनका आफन्तले जनाए । उनको आइतबार बिहान ९:४० बजे शव यात्रा सहित पोखराको तुल्सीघाटमा अन्त्यस्ठी गरिने भएको पोखरा महानगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले बताए । श्रेष्ठको परिवारमा श्रीमती २ छोरा एक छोरी रहेका छन् ।

अध्यक्ष पराजुलीले आफ्नो फेसवुक स्टाटसमा वडा सदस्य श्रेष्ठको निधनको घटनामा दुःख व्यक्त गर्दै मृत आत्मको चिर शान्तिको कामना सहित हार्दिक श्रदा सुमन ब्यक्त गरेका छन् । साथै उनले सडा सदस्य श्रेष्ठको शव यात्रा सहित अन्त्यस्ठी गरिने हुदा उपस्थित का लागि हार्दिक अनुरोध समेत गरेका छन् ।

## एक बर्ष पछि अन्ततः उच्च अदालत पोखराले अभिनेता पल शाहलाई दियो सफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन




अन्ततः उच्च अदालत पोखराले एक बर्ष पछि अभिनेता पल शाहलाई सफाइ दिएको छ । उच्च अदालतका न्यायाधीश डिल्लीराज आचार्य र श्रीधराकुमारी पुडासैनीको इजलासले अभियोग दाबी नपुग्ने भन्दै आइतबार सफाइको फैसला सुनाएको हो ।

शाह सोमबार तनहुँ कारागारबाट रिहा हुने भएका छन् । एक नाबालिक गायिकालाई बलात्कार गरेको आरोपमा पल शाहविरुद्ध जिल्ला अदालत नवलपुर र जिल्ला अदालत तनहुँमा गत वर्षदेखि मुद्दा चलेको थियो । पल शाहका कानुन व्यवसायी वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेले ढिलै भएपनि पल शाहलाई सबै प्रकारका अभियोग दाबीबाट पूर्णरुपमा सफाइ दिने फैसला भएको बताए । शाहलाई अन्य मुद्दाको रोहबाट थुना वा कैदमा राख्नु नपर्ने भएपछि उनी करिब १ वर्षपछि जेलजीवनबाट रिहा हुन लागेका हुन् ।

नावालिग बलात्कार अभियोगमा जिल्ला अदालत तनहुँले शाहलाई सफाइ दिए पनि जिल्ला अदालत नवलपुरले गत २१ भदौमा बालयौन दुरुपयोग आरोपमा साढे २ वर्ष कैद र पीडितलाई १० लाख क्षतिपूर्ति दिने फैसला गरेको थियो । सो सम्बन्धमा नवलपुरको फैसला विरुद्ध सरकारी वकिलको कार्यालय र पल शाह दुबै पक्षले उच्च अदालतमा पुनरावेदन दिएका थिए । नवलपुर जिल्ला अदालतको उक्त फैसला उल्टी भई पुनरावेदक प्रतिवादी पल शाह भन्ने पूर्णविक्रम शाहले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ उच्चको आइतबारको फैसलामा उक्त कुरा उल्लेख गरिएको छ । शाहलाई अभियोग दाबी बमोजिम जबर्जस्ती करणीको कसुरमा कसुरदार ठहर गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने समेत उल्लेख गरिएको छ । पलको तर्फबाट आइतबार वरिष्ठ अधिवक्ता कमलामोहन वाग्ले, वरिष्ठ अधिवक्ता कृष्णबहादुर थापा, अधिवक्ता गणेशप्रसाद अधिकारी, अधिवक्ता जनकराज ढुंगाना र अधिवक्ता माधव घिमिरेले बहस गरेका थिए । सरकारी वकिल उच्च न्यायाधिवक्ता रामप्रसाद अधिकारीले बहस गरेका थिए भने आइतबार करिब ३ घण्टासम्म बहस चलेको थियो ।

आफूविरुद्ध उजुरी परेपछि केही दिन फरार अभिनेता शाहले १५ फागुनमा प्रहरीसमक्ष आत्मसमर्पण गरेका थिए । त्यसपछि ती किशोरीले वारदातस्थल रहेको र अदालतको क्षेत्राधिकार पुग्ने भएपछि नवलपुर प्रहरीमा पनि उजुरी दिएकी थिइन् । सुरुआतमा बलात्कृत भएको भनी उजुरी दिएकी उनले पछि होस्टाइल बन्दै पलले बलात्कार नै नगरेको भनी अदालतको बकपत्रमा बयान फेरेकी थिइन् । सुटिङका क्रममा पटकपटक करणी गरेको भनी नावालिगले पलविरुद्ध गत वर्ष ११ फागुनमा जिल्ला प्रहरी कार्यालय तनहुँमा उजुरी दिएकी थिइन् ।

पुनरावेदनमा सुरु जिल्ला अदालतले बालयौन दुरुपयोगमा सजाय गर्न गरेको फैसला कानुनसंगत नभएकोले फैसला उल्टी गरी सफाइ पाउनुपर्ने जिकिर गर्दै पलले २५ भदौमा पुनरावेदन गरेका थिए । पल शाहको पक्षमा सोमबार तनहुँमा कलाकार देखि उनलाई आफन्त र शुभेच्छुकहरुको भिड लाग्ने श्रोतको भनाई रहेको छ ।

# राष्ट्रपति रनिङ शिल्डमा पोखराको विजयी सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन

१४ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा पोखरा महानगरले विजयी सुरुवात गरेको छ। पोखरा रंगशालामा सुरु भएको प्रतियोगितामा अर्न्तगत पोखरा महानगरले एथ्लेटिक्स तर्फ ६ स्वर्ण पदक सहित बिजयी सुरुवात गरेको हो।

एक सय मिटर दौडमा पोखरा महानगरका रिसव श्रेष्ठले स्वर्ण पदक हात पारे। उनले १२ सेकेण्ड १ मिलिसेकेन्डमा दुरी पुरा गरे। पोखराकै दिपेश युदवले रजत पदक हासिल गरे। उनले १२ सेकेन्ड २ मिलिसेकेन्डमा पार गरे। माछापुच्छे गाउँपालिकाका कृष्ण गुरुङले कास्य हासिल गरे उनले १३ सेकेन्डमा दुरी पुरा गरे। अन्नपूर्णका राजेश विकले १३ सेकेन्ड २ मिलिसेकेन्डमा दुरी पुरा गर्दै सान्त्वना भए।

छात्रा तर्फ पोखराकी एन्जल अधिकारीले १४ सेकेन्ड १ मिलिसेकेन्डमा दुरी पार गर्दै स्वर्ण जितिन्। पोखराकै पवित्रा गुरुङले १४ सेकेन्ड ६ मिलिसेकेन्डमा दुरी पुरा गर्दै रजत जित्दा रुपा गाउँपालिकाकी सुरक्षा ढुंगानाले १५ सेकेन्डमा पुरा गर्दै कास्य हासिल गरिन्। मादी गाउँपालिकाकी कृष्टीना गुरुङले १५ सेकेन्ड ५ मिलिसेकेन्डमा दुरी परा गर्दै सान्त्वना स्थान हासिल गरिन्।




४ सय मिटर दौड छात्रतर्फ पोखराका सन्दिप कुँवरले स्वर्ण हासिल गरे। ५६ सेकेन्ड ७ मिलिसेकेन्डमा दुरी पुरा गर्दै स्वणृ जितेका हुन्। पोखराकै राजिव थापाले ५७ सेकेन्डमा दुरी पुरा गर्दै रजत जिते। अन्नपूर्ण गाउँपालिकाका राजेश विकले कास्य हासिल गरे। उनले १ मिनेट २ मिलिसेकेन्डमा दुरी पुरा गरे। छात्रातर्फ पोखराकै सविना खातुनले स्वर्ण जितिन्। उनले १ मिनेट ८ सेकेन्ड ५ मिलिसेकेन्डमा दुरी पुरा गरिन्। पोखराकै अनुष्का अधिकारीले १ मिनेट १२ सेकेन्ड १ मिलिसेकेन्डमा दुरी पुरा गर्दै रजत जितिन्। माछापुच्छे गाउँपालिकाकी एलिसा परियारले १ मिनेट २२ सेकेन्ड २ मिलिसेकेन्डमा दुरी पुरा गर्दै कास्य जितिन्। अन्नपूर्णकी सन्तोषी परियार सान्त्वना भइन्।

एक हजार पाँच सय मिटर दौड छात्र तर्फ पोखराका प्रवेश आचार्यले स्वर्ण जिते। ४ मिनेट ४४ सकेन्ड २ मिलिसेकेन्डमा दुरी पुरा गर्दै स्वर्ण जितेको हुन्। पोखराकै तेन्जोन रोकाले रजत पदक हासिल गरे। उनले ४ मिनेट ४६ सकेन्डमा दुरी पुरा गरे। माछापुच्छे गाउँपालिकाका तेज प्रसाद ढकालले ५ मिनेट १७ सेकेन्डमा दुरी पुरा गर्दै कास्य पदक हासिल गरे। छात्रा तर्फ पोखराकी नारायणी भण्डारीले ५ मिनेट ५९ सेकेन्डमा दुरी पुरा गर्दै स्वर्ण जितिन्। पोखराकै कविता मगरले ६ मिनेट १७ सेकेन्डमा दुरी पुरा गर्दै रजत जितिन्। माछापुच्छे गाउँपालिकाकी करुणा कुमालले ६ मिनेट ४२ सेकेन्डमा दुरी पुरा गर्दै कास्य हासिल गरिन्।

यसैबिच, भोलि सोमबारसम्म चल्ने प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले शिक्षासंगै बिद्यार्थीहरुले खेलकुदमा समेत चासो दिन आग्रह गरे। जिल्ला, प्रदेश, राष्ट्रिय हुदै अन्तराष्ट्रिय पदक ल्याउने गरी आवश्यक तयारीका साथ उत्कृष्ट खेल प्रर्दशन गर्न उनले खेलाडीहरुलाई आग्रह गरे। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानियाको अध्यक्षतामा उद्घाटन सत्र समापन भएको समितिका कार्यालय प्रमुख डि.बि.नेपालीले बताए। प्रतियोगितामा एथ्लेटिक्स, भलिवल, कवडी र मार्सल आर्टका खेल समेटिएको छ। पोखरा सहित ५ पालिका बिच ३० वटा स्वर्ण पदकको लागि प्रतिष्प्रर्धा हुने भएको पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताए।

विजयी खेलाडीहरुको टोलीलाई जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाही, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख डि.बी.नेपाली, पत्रकार विजयी नेपाल, विजयी नेपाली लगायतले पुरस्कार वितरण गरेका थिए।

# अमोर बालगृहको सामाजिक परिक्षण

पोखरापत्र संवाददाता
स्याङ्जा, १४ फागुन

स्याङ्जाको एकमात्र बालगृहको सामाजिक परिक्षण गरिएको छ। स्थानीय सामाजिक अभियान्तहरुबाट संचालनमा रहेको अमोर सेवा नेपाल बालगृहको सामाजिक परिक्षण गरिएको हो।

बालगृहले सरकारी मापदण्ड अनुसार संचालन छ वा छैन, आम्दानीको श्रोत, बार्षिक कार्यक्रमको अवस्था लगायतका बिषयपरिक्षण गरिएको थियो। झण्डै १० बर्षदेखी स्थानीयको साधन श्रोतबाट संचालन हुदै आएको बालगृहमा अहिले अनाथ, टुहुरा ३० जना बालवालिका रहेका छन्। फेदिखोला गाउँपालिका १ मा रहेको बालगृहको अधिबक्ता भिमप्रसाद पौडेलले सहजिकरण गरेका थिए। उनका अनुसार बालगृहले अहिले सम्म बैदेशिक सहायता बिना संचालन गर्नु नै सबलपक्ष रहेको बताए। स्थानीय साधानश्रोतबाट बालगृह संचालन गर्न कठिन भएको देखिएपनि बालगृहले दिनुपर्ने शुसासनको व्यवस्था निकै राम्रो रहेको पौडेलको भनाई छ। सरकारी मापदण्डलाई आत्मसाथ गर्दै केही समस्या देखिए पनि त्यस्ता बिषयलाई सुधार गर्दै लैजानुपर्ने सुझाव उनले दिएका छन्।



बालगृहको समयमै नविकरण, समाजकल्याणमा अवद्धता लगायतका बिषयमा ध्यान दिएको पौडेलले बताए। जिल्लाको एकमात्रै बालगृह भएपनि सरकारको नीतिगत आर्थिक सहयोगमा भने पछाडी पर्दै आएको छ। उद्योगी व्यवसायी, सामाजिक अभियान्ताहरु र केही स्थानीय सरकारले गरेको सहयोगले बालगृह यहाँ सम्म आइपुग्नु आफैमा राम्रो पक्ष देखिएको छ। अमोर सेवा नेपाल सगँ आवद्धता भएका साधरण सदस्यहरुको अथक मेहनतले बालगृहले सफलता पाउदै जानु अर्को सबलपक्ष रहेको सरोकारवालाहरुले जोड दिए।

बालगृहलाई सरकारी तवरबाट नीतिगत आर्थिक सहयोग गर्नुपर्नेमा अमोर सेवा नेपालकी अध्यक्ष कमला पराजुलीले जोड दिइन्। संस्थाले लिएको लक्ष्य पुरा हुन नसकेपनि बालगृहलाई नमुना बनाउन हामी अगाडी बढेको जानकारी उनले दिइन्। निकै आरोह, अबरोह गर्दै बालगृहलाई यहाँसम्म ल्याउन सफल भएका छौं उनले भनिन्,'यसको सबै श्रेय सामाजिक व्याक्तित्वहरुलाई जानेछ।' अब सरकारले पनि यसमा चासो दिनुपर्ने बेला आएको छ उनले भनिन्। गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले हरेक जिल्लामा बालगृह बनाउने अवधारणा सरकारले ल्याउनुपर्ने बताए। विभिन्न परिस्थितीले अलपत्र परेका बालवालिकालाइृ आश्रय दिन बालगृह आवश्यक रहेको महशुष आफुलाई भएको उनले बताए। जिल्लामा एकमात्र स्थानीयहरुको सकरात्मक सोचबाट संचालन गरिएको यो बालगृहलाई अझै परिस्कृत र पुर्णसुविधा सम्पन्न बनाउन सरकारले बिशेष जोड दिनुपर्ने धारणा उनको छ। स्थानीय सरकारको हिजो पनि सहयोग र भोली पनि सहयोग रहने उनले प्रतिवद्धता व्यक्त गरे। सामाजिक परिक्षण कार्यक्रममा संस्थाका साधरणसदस्य, सामाजिक अभियान्ताहरु, जनप्रतिनिधि लगायत स्थानीयहरुको सहभागिता रहेको थियो। जिल्लाका ११ ओटै स्थानीयतहले यो बालगृह बचाउन हरेक बर्ष सहयोग गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्ने सहभागीहरुको भनाई थियो।

# अन्नपूर्णका विद्यार्थीलाई कोरियाको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन

अन्नपूर्ण गाउँपालिका वडा नं. ९ स्थित भूमे आधारभूत विद्यालय सुदामे र श्री भगवती माध्यमिक विद्यालय तिखेढुङ्गाका विद्यार्थीलाई डिजी युनिभर्सिटीका अध्यक्ष हुङ्ग लिले स्कुल व्याग र अभिभावकलाई बाख्रा वितरण गरेका छन्।



डिजी युनिभर्सिटी कोरियाका अध्यक्ष लिले सरकारी विद्यालयमा पढ्ने ग्रामीण क्षेत्रका विद्यार्थीको पढाइलाई निरन्तरता दिने उद्धेश्यले सहयोग गर्दा पाएको स्वागत नै आफ्ना लागि पुरस्कार भएको बताए। लिले थपे, हामी पनि कोरियाका विश्वविद्यालयमा नेपाली विद्यार्थीलाई स्वागत गर्न र सघाउन प्रतिवद्ध छौं।

युनिभर्सिटीको अभियन विभाग र पाककला विभागका प्रमुख हुङ गो लि, ज्याङ जिओन लि, मुन जुङ चोइ, हुङ इयुन जोङले आगामी दिनमा पनि यस्तो सहयोग निरन्तर गरिरहने जानकारी दिए। कोरियाली टिमले भूमे आधारभूत विद्यालय सुदामेका विद्यार्थीलाई ९० वटा स्कुल व्याग र २० वटा माऊ बाख्रा वितरण गरेको थियो। विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष पुष्पा पुनले बाख्रा वितरणले विद्यार्थीको शैक्षिक खर्च पूरा हुने बताइन। अभिभावकले पाएको बाख्रा र विद्यार्थीको शैक्षिक सामग्री यथोचित सदुपयोग हुने प्रधानाध्यापक तेज शर्माले जानकारी दिए।

कोरियाली टिमले भगवती माध्यमिक विद्यालय तिखेढुङ्गाका विद्यार्थीलाई २ सय वटा स्कुल व्याग र अभिभावकलाई ६० वटा माऊ बाख्रा वितरण गरेको थियो। अर्थ समितिका संयोजक मेजर हितमान गुरुङले स्वयम्सेवी प्राध्यापक एवम् कला शिक्षक किमका कारण विद्यालयले सहयोग पाएको बताए। गुरुङले भने, भिजिट भिसामा नेपाल आउजाउ गर्ने किमले नेपाली विद्यार्थीलाई कला सिकाए। अन्नपूर्ण ड्रोइङ ड्रिम टिमका विद्यार्थीलाई श्री भगवती स्कुलको ३ मिटर उचाई र ३० मिटर लम्बाईको पर्खालमा सामूहिक चित्र बनाएर नेपाल कै ठूलो कला निर्माण गर्न लगाए।

'खसीले मसी' हुन्छ भन्ने सन्देश दिन, विपन्न विद्यार्थीको पढाइलेखाइलाई सहयोग गर्न माऊ बाख्रा वितरण, जाडोमा विद्यार्थीलाई न्यानो कपडा, विद्यालय पोशाख र शैक्षिक सामाग्रीमा वर्षेनी सघाउँदै आएका किमले सहयोगका लागि सहजीकरण गर्दै आएका छन्।

# प्रथम गण्डकी प्रदेश स्तरिय हस्तलेखन प्रतियोगितामा अधिकारी प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन

प्रथम गण्डकी प्रदेश स्तरिय नेपाली तथा अगेंजी हस्तलेखन प्रतियोगितामा पोखरा १० मा रहेको कालिका मावि की छात्रा शदिक्षा अधिकारी प्रथम भएकी छन्।

कक्षा ६ मा अध्ययनरत अधिकारीले कक्षा ६ सहित समग्रमा प्रथम भएकी प्रतियोगिता संयोजक शेर बहादुर क्षेत्रीले बताए। डब्लु.डब्लु.डब्लु बुक्स बजार डटकमले हालै ग्लोवल कलेजियट माविमा आयोजना गरेको प्रदेश स्तरिय उक्त प्रतियोगिता विजेता भएकी अधिकारीले उपाधि सहित बर्ष भरीको लागि आवश्यक



पर्ने शैक्षिक सामाग्रि सहित नगद २ हजार प्राप्त गरिन्।

उक्त प्रतियोगितामा पहिलो चरणमाकरिब७सयरदोश्रोचरणमा १ सय २४ जना सहभागि भएको प्रतियोगिताका सूचना अधिकारी नविन कुमार अधिकारीले बताए। प्रतियोगितामा सामुदायिक तथा निजी बिद्यालयका ४३ बिद्यालयको सहभागिता रहेको सदस्य लेखमाया गुरुङले बताइन्। प्रतियोगितामा कक्षा १ देखि ८ सम्मको विधागत पुरस्कार घोषणा गरिएको थियो। ओएलए नेपाल, यूनिप्स कास्की, आमा घर पाठशाला, लक्ष्मी आवासिय मावि, कालिका मावि, ग्लोवल गलेजियट लगायतका संस्थाको सहयोग रहेको थियो।

गण्डकी प्रदेश प्याब्सन अध्यक्ष एवं एकता आवासिय वोर्डिङ स्कुलका प्राचार्य दीनेश श्रेष्ठले पुरस्कार प्रायोजन गरेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।

- जर्ज बार्वर

## सम्पादकीय

# भ्रष्टचार सबैभन्दा ठूलो रोग

कर्मचारीहरुमाथि भ्रष्टाचार मामिलामा छानबिन भइरहेका घटना र विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दैनिक विज्ञप्तिमा आउने नियमित विषय हो। तर, आयोग ‘ठूला माछाको मतियार या उनीहरुलाई कुनै कारबाही नगर्ने निकाय बनेको उसका विगत १५ वर्षको आचरणले देखाएको छ। किनकि मुलुकका राजनीतिक दलहरु अपारदर्शी खर्चमा चल्छन् र त्यसका नेतृत्व वर्गलाई भ्रष्टाचार तथा अन्य अपराधमा उन्मुक्तिको श्रीपेचको संरक्षण प्राप्त छ । ‘नीतिगत भ्रष्टाचार’ अर्थात मन्त्रिपरिषद्को निर्णयबाट भएका अनियमितता अख्तियारले छानबिन गर्न नपाउने निर्णयलाई आजसम्म कुनै पार्टी या १२ बुँदे गणतन्त्रका नेताहरुले चुनौती दिएका छैनन् । त्यो भ्रष्ट निर्णय, नीति र राजनीतिको विकराल स्वरुप अहिले मुलुकले भोगिरहेको छ।

प्रत्येक वर्ष महालेखा परीक्षकको कार्यालयले जारी गर्ने प्रतिवेदन राष्ट्राध्यक्षको आल्मारीमा थन्काउनका लागि मात्र हैन । लेखा परीक्षण गरिएको अन्तिम वर्ष अर्बौं रुपैयाँ बेरुजु फेला परेका छन्। बेरुजुको क्यान्सर सिधै भ्रष्टाचारसँग जोडिएको छ र त्यसले मुलुकको अर्थतन्त्र र विकासलाई नराम्रोसँग गाजेको छ । मुलुकको चालु आर्थिक वर्षको आधा रकम बेरुजुले ओगट्ने हुन्छ। प्रतिवेदनलाई केस्रा केस्रा केलाएर बहस गरी जिम्मेवारी निश्चित गर्नुका साथै सरकारी रकम हिनामिना हुन नदिइ, या त्यसको क्षतिपूर्ति गरी व्यवस्था तथा राज्यप्रति जनताको विश्वास आर्जन गर्न भूमिका खेल्नुपर्ने संसद अर्थात जनप्रतिनिधि संस्था सुतेका मात्र हैनन्, उनीहरु स्वयंले भ्रष्टाचारलाई प्रोत्साहित गरेको स्पष्ट बुझ्न सकिन्छ।

भ्रष्टाचार विकेन्द्रित भएको छ, माथिदेखि तलसम्म। पारदर्शिता र जवाफदेहिताको हत्या भएको छ । त्यही नै हो सन्देश महालेखा प्रतिवेदनको । प्रधानमन्त्रीदेखि विविध मन्त्रालयका भ्रष्टाचारका कथा, गाथा र व्यथाहरु यो प्रतिवेदनमा अंकित हुने गर्दछन् । तर त्यो जनमारा वर्ग आफूमाथि कारबाही नहुनेमा ढुक्क छ। भ्रष्टाचार र भ्रष्टाचारीविरुद्ध संगठित र सशक्त आवाज नउठाउने, आन्दोलन नगर्नु र दोषीलाई कानुनको कठघरामा उभ्याउन नसक्नुले कता कता जनता स्वंय पनि उनीहरुद्वारा निर्वाचित प्रतिनिधिजस्तै भ्रष्टाचारका मतियार बनेका त हैनन? भन्ने अर्थ पनि लाग्ने छ।

त्यसैले अहिले जनता स्वंयले नागरिक र नेपाली हुनुको अर्थ बुझ्नुपर्ने बेला भएको छ। यसरी दिनदप्रतिदिन भ्रष्टचार बढ्नाले जनतालाई जिउने आधार कम भएको छ। जसको कारण हालै विभिन्न शहरमा अफ्नो शरीरमा आँफैले आगो लगाउनु घरवाट हाम फाल्नु लगायत विभिन्न कारणवाट नेपाली जनताले ज्यान आहुती दिइरहेका छन् । त्यसको जड भनेको नै भ्रष्टचार र वेरोजगार हो । यस विषयमा सम्बन्धित क्षेत्रले समयमा ध्यान नदिने हो भने अव देशमा भोकमरी नआउला भन्न सकिन्न । बस्ती बस्तीवाट भ्रष्टचारी देखेमा समाजवाट बहिष्कार गर्न सकेमा मात्र समाज विकासन्मुख तर्फ लम्कन सक्दछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# असला पारखीको गन्तव्य तातोपानी

**पोखरापत्र संवाददाता**

म्याग्दी, १४ फागुन

बेनी नगरपालिका-४ तातोपानी म्याग्दी नदीको असला माछाको स्वादका पारखीहरूका लागि नयाँ गन्तव्य बनेको छ।

प्राकृतिक चिकित्सालयका रूपमा परिचित तातोपानी बजार पछिल्लो समय म्याग्दी नदीको चिसो पानीमा हुर्किएका असला माछाको पारखीहरूका लागि गन्तव्यको रूपमा विकास भएको हो। असला माछाको स्वाद लिन देशका विभिन्न ठाउँबाट पाहुना आउन थालेका तातोपानीको थकाली होटलकी सञ्चालक मना तुलाचनले बताउनुभयो । “यसअघि तातोपानी डुबेर उपचार गराउन आउने बिरामीका लागि पोषिलो खुराकका रूपमा प्रयोग हुने असला माछाको स्वाद लिन पछिल्लो समय टाढा-टाढाबाट पाहुना आउनुहुन्छ”, उहाँले भन्नुभयो, “यहाँ आउने पाहुनाले असलालाई स्वादिलो मानेर कोसेलीका रूपमा लैजाने पनि गर्नुभएको छ।” जिल्ला सदरमुकाम बेनीबजारबाट आठ किलोमिटर टाढा रहेको तातोपानी जोड्ने सडक गत वर्ष कालोपत्र भएपछि कुण्डमा स्नान गर्ने र असला माछाका पारखीहरूको गन्तव्य बनेको हो । बेनी, बागलुङ, कुश्मा, पोखरा, चितवन, काठमाडौंलगायत देशका विभिन्न ठाउँका पाहुना माछाको स्वाद लिन आउने गरेको होटल व्यवसायी पदम बानियाँले बताउनुभयो। उहाँका अनुसार मुस्ताङ जाने र फर्कने क्रममा तातोपानी स्नान गर्न आउँछन्। “स्वादिलो हुने भएकाले तातोपानीमा स्नान गरेपछि बिरामीले यहाँका माछालाई पौष्टिक आहारका रूपमा खाने गर्दथे”, बानियाँले भन्नुभयो, “पछिल्लो समय तातोपानी घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटकले स्नान गरेपछि ताजा माछाको सुप बनाएर खाने र फ्राइ गरेर कोसेली लिएर फर्कने गरेका छन् ।” म्याग्दी नदीको किनारमा रहेका बजार दरबाङ र बाबियाचौर क्षेत्रबाट समेत माछा मारेर व्यापारीले बिक्रीका लागि तातोपानीसम्म ल्याउने गरेका छन् । अन्यत्रभन्दा तातोपानीका माछा बढी स्वादिष्ट मानेको बेनीका व्यवसायी कृष्णराज पौडेलले बताउनुभयो।

जाल, तेरी, ढडिया र बल्छीको माध्यमबाट माछा मारेर बेरोजगार युवाहरूले आम्दानी गरिरहेका छन् । ताजा माछाप्रति केजी रु एक हजार पाँच सयमा बिक्री हुने गरेको छ। प्रतिप्लेट माछा रु चार सयदेखि पाँच सयमा बिक्री हुन्छ । असला माछा खानकै लागि तातोपानीमा आउनेलाई पुऱ्याउन धौधौ भएको होटल हिमालयनका सञ्चालक कुमार केसीले बताउनुभयो।

“माछा कमै पाइन्छ, माग भने ह्वात्तै बढेको छ, तातोपानीकुण्डमा डुबेर उपचार गराउन आएका बिरामी र घुम्न आएका पर्यटकको माग थेगिनसक्नु हुन थालेपछि पुऱ्याउन सकिएको छैन”, उहाँले भन्नुभयो, “माछा कमै पाइने भएकाले कोसेलीका रूपमा लिएर जान चाहनेलाई दिएर पठाउन हम्मेहम्मे परेको छ।” व्यवसायीका अनुसार दैनिक एक सय किलोग्रामभन्दा बढी माछा खपत हुने गरेको छ । माछासँगै कोदो र फापरको ढिँडोले यहाँका होटल व्यवसाय पनि राम्रोसँग फस्टाएको छ । फापरको ढिँडो, रोटी, माछाको सुप र फ्राइ आइटमका खाना पर्यटकको रोजाइमा रहेको होटल श्रेष्ठ हट स्प्रिङ इनका प्रबन्धक प्रशान्त श्रेष्ठले बताउनुभयो । प्राकृतिक उपचारको चिकित्सालयका रूपमा विकसित हुँदै गइरहेको तातोपानी कुण्डमा स्नान गर्ने बिरामी बढेका छन्। गत साउनदेखि माघसम्म नौ हजार जनाले तातोपानी कुण्ड स्नान गरेका कुण्ड व्यवस्थापन समितिले जनाएको छ। जमिनमुनिबाट ४८ डिग्री सेन्टिग्रेटको तापक्रममा बीरेनुनको स्वादसहित निस्कने तातोपानीको कुण्डमा डुबुल्की मारेपछि ग्यास्ट्रिक, बाथरोग, गानोगोला, युरिकएसिड, हार्डजोर्नी दुख्ने, हड्डीको दुखाइ, सड्किएको, मर्किएको, बज्रिएकोसहित चिसोबाट उत्पन्न सबैखाले रोग निको हुने जनविश्वास छ।

# ओलम्पिक छनोटको खेल नेपालमा हुने

**रासस**

काठमाडौं, १४ फागुन

फ्रान्सको पेरिसमा सन् २०२४ मा आयोजना हुने ओलम्पिक महिला फुटबलको एसिया छनोटअन्तर्गत समूह ‘सी’ को पहिलो चरणको खेल नेपालमा हुने भएको छ।

एसिया छनोटको पहिलो चरणअन्तर्गत समूह ‘सी’ को छनोट खेल नेपालमा आयोजना हुने अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ । समूह ‘सी’ मा प्यालेस्टाइनले नाम फिर्ता लिएपछि अब तीन राष्ट्र नेपाल, अफगानिस्तान र भियतनाम सहभागी हुनेछन्।

छनोटको पहिलो चरणका खेलहरु आगामी चैत २० देखि चैत २८ गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सञ्चालन हुनेछन् । ओलम्पिक महिला फुटबल छनोटको पहिलो चरणमा विभिन्न २६ टोली छन् । ती टोलीलाई सात समूहमा विभाजन गरिएको छ। नेपालले ओलम्पिक तयारीस्वरुप भारतसित दुई मैत्रीपूर्ण खेल खेलेको थियो।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ ठुलाचौर खाम्पुर सूरौदी ग्रामिण सडक निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : ठुलाचौर खाम्पुर सूरौदी ग्रामिण सडक निर्माण

**उपभोक्ता समितिको नाम**: ठुलाचौर खाम्पुर सूरौदी ग्रामिण सडक निर्माण उपभोक्ता समिति

| | |
|---|---|
| **योजना सुरु मिति** | : २०७९/०९/१६ |
| **योजना सम्पन्न भएको मिति** | : २०७९/११/१२ |
| **महानगरपालिका बाट प्राप्त** | : २५,००,०००/- |
| **जनसहभागीता** | : २,७८,२२५/७७ |
| **योजनाको कुल लागत** | : २७,७८,२२५/७७ |

**उपभोक्ता समिति**

**अध्यक्ष** : सुरिन पौडेल

**उपाध्यक्ष** : राम प्रसाद सुवेदी

**सचिव** : अर्जुन प्रसाद सुवेदी

**कोषाध्यक्ष** : हरिकला अधिकारी

**सदस्यहरू** : अमिर खत्री, तारा लामिछाने, उमा लामिछाने, मिना खत्री र हरिबहादुर खत्री


# परम्परागत आरन व्यवसाय लोप हुने अवस्थामा

**पोखरापत्र संवाददाता**

म्याग्दी, १४ फागुन

म्याग्दीका ग्रामीण भेगमा परम्परागतरूपमा चल्दै आएको आरन व्यवसाय विस्तारै लोप हुन थालेको छ। आयातित कृषि औजार तथा हातहतियारको बढ्दो प्रयोग हुनुका साथै धेरै मिहिनेतमा कम आम्दानी हुने हुँदा नयाँ पुस्ताले आरन पेसा छोड्दै जान थालेपछि विस्तारै यो पेसा लोप हुने अवस्थामा पुगेको हो।

बजारमा आधुनिक प्रविधिको प्रयोग गरी खुलेका कृषि औजार केन्द्रमा निर्माण भएका कृषि औजारका तुलनामा गाउँमा परम्परागत आरनबाट निर्माण गरिने औजार तथा हातहतियार महँगा हुने र बढी समय लाग्ने भएकाले पनि परम्परागत कृषि औजारको महत्वमा कमी आएको आरन व्यवसायीको गुनासो छ । गाउँघरमा प्रयोग गर्रिदै आएका हँसिया, बञ्चरो, कोदाली, फाली जस्ता हतियार विस्तारै लोप हुँदै गएको बेनी नगरपालिका-२ का आरन व्यवसायी कर्णबहादुर विक बताउनुहुन्छ । “केही वर्षअघिसम्म परम्परागत आरनमा बनाइएका कृषि औजार र हातहतियारको प्रयोग बाक्लै हुन्थ्यो, बजारमा कृषि औजार र हातहतियारका साधन पाइँदैन्थ्यो, केही खर्च दिएर हँसिया, बञ्चरोजस्ता घरायसी हतियार बनाउन स्थानीयको चाप हुने गर्दथ्यो”, उहाँले भन्नुभयो, “अहिले समय फेरियो, बजारमा कृषि औजार कारखाना खुले, बजारमा उत्पादित सामानले हाम्रो व्यवसाय पनि लोप हुने अवस्थामा पुगेको हो।”

यातायातको सहज पहुँच र आधुनिक कृषि औजारको प्रयोगका कारण विस्तारै गाउँघरमा परम्परागतरूपमा चलिआएको पेसा पनि लोप हुने स्थितिमा रहेको मङ्गलाका ७२ वर्षीय धनबहादुर विश्वकर्माले बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः २०६८/१०/०७ गते

स्वर्गारोहण : २०७९/११/११ गते

स्वः स्व. संकल्प श्रेष्ठ

यस भद्रकाली सी गुठी (चौ.) का सदस्य सन्तोष श्रेष्ठका सुपुत्र **संकल्प श्रेष्ठ** को १२ वर्षको अल्पायुमै अकल्पनीय एवं असामयिक स्वर्गारोहणले हाम्रा यस गुठी परिवार अति मर्माहत एवं स्तब्ध भएका छौं। साथै आज ५औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली व्यक्त गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनी समवेदना प्रकट गर्दछौं।

**पुलेन्द्रमान श्रेष्ठ**
**नाय**

**भद्रकाली सी गुठी (चौ.) परिवार**

**पोखरा-१३**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः २०६८/१०/०७ गते

स्वर्गारोहण : २०७९/११/११ गते

स्वः स्व. संकल्प श्रेष्ठ

पोखरा महानगरपालिका वडा नं. १३ बाझापाटन मिलन मार्ग टोल विकास संस्थाका सक्रिय सदस्य सन्तोष श्रेष्ठ तथा कल्पना श्रेष्ठको सुपुत्र **संकल्प श्रेष्ठ** को १२ वर्षको उमेरमा काठमाडौंमा उपचारको क्रममा भएको असामयिक स्वर्गारोहणबाट हामी सम्पूर्ण टोलवासीहरु अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं। यस दुःखद घडीमा दिवंगत आत्माले चिरशान्ति पाओस बैकुण्ठ लोक प्राप्त गरोस भनि इश्वरसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं।

| | |
|---|---|
| सम्झना कार्की | रामराज सिग्देल |
| अध्यक्ष तथा | अध्यक्ष तथा |
| **बाझापाटन मिलन मार्ग महिला समूह** | **बाझापाटन मिलन मार्ग टोल विकास समिति** |

**पोखरा-१३**

# सृजना कप भलिबल तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन




पोखरामा मंगलबारदेखि हुने सृजना कप कास्की जिल्ला सामुदायिक विद्यालय छात्रछात्रा भलिबलको तयारी पूरा भएको आयोजकले जनाएको छ।

फागुन १६ देखि १९ सम्म पोखरा रंगशालास्थित भलिबल कोर्टमा हुने प्रतियोगितामा छात्रतर्फ २४ र छात्रातर्फ १२ टिमले नाम टिपाएको प्रतियोगिता संयोजक मीनप्रसाद भट्टराईले जानकारी दिए । टिमको यकिन संख्या तथा खेल तालिका सोमबारमात्र सार्वजनिक हुनेछ। सृजना विकास केन्द्र र कास्की जिल्ला भलिबल संघको संयुक्त आयोजनामा २०७३ सालदेखि सुरुआत भएको सृजना कपको यो पाँचौं संस्करण हो । प्रतियोगितामा विगतको तुलनामा सहभागी संख्या बढी भएकोले आयोजक पनि उत्साहित छ। छात्रछात्रा दुवैतर्फ विजेतालाई १/१ लाख, उपविजेतालाई ६०/६० हजार र तृतीय हुने विद्यालयलाई ३५/३५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने छ। सर्वोत्कृष्ट छात्रछात्रा दुवैलाई जनही ५ हजार र अन्य ६ विधाका उत्कृष्ट खेलाडीलाई पुरस्कृत गरिनेछ । उत्कृष्ट प्रशिक्षकले ५ हजार पाउने छन् । प्रतियोगितामा कास्कीका सामुदायिक विद्यालयका कक्षा १२ सम्मका विद्यार्थीले भाग लिन पाउने छन्। गत वर्ष पोखराको भकुण्डेस्थित शान्ता माविले दोहोरो उपाधि जितेको थियो । प्रतियोगितामा १२ लाख ५० हजार आम्दानी हुने र ११ लाख खर्च लाग्ने आयोजकको अनुमान छ। बचत भलिबल खेलको विकासको निम्ति कोष स्थापना गरिने तथा सृजना विकास केन्द्रद्वारा संचालित सृजना बालगृहमा सहयोग गरिने सिर्जना विकास केन्द्रका निवर्तमान अध्यक्ष एवं प्रतियोगिता संयोजक इन्द्रप्रसाद पौडेलले बताए । प्रतियोगिताको लागि दुवै संस्थाका कार्यसमितिका पदाधिकारी सम्मिलित व्यवस्थापन समिति गठन गरिएको प्रतियोगिता सहसंयोजकसमेत रहेका कास्की जिल्ला भलिबल संघ उपाध्यक्ष लेखनाथ लम्सालले बताए । 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' मूलनारा तथा 'स्कुल स्कुलमा भलिबल' यसको लक्ष्य छ।

# मगर दिवसमा निसीखोला गाउँपालिकामा सार्वजनिक बिदा

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन

निसीखोला गाउँपालिकाले फागुन १५ गते अर्थात् मगर दिवसका दिन सार्वजनिक बिदा दिएको छ। गाउँकार्यपालिकाको निर्णयानुसार मगर दिवसमा सार्वजनिक बिदा दिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत टोपबहादुर चन्दले जानकारी दिनुभयो।

मगरहरूको बाहुल्यता रहेको निसीखोलामा यस वर्ष पहिलो पटक सार्वजनिक बिदा दिने निर्णय भएको हो । मगर समुदायले बारम्बार सार्वजनिक बिदाको माग गर्दै आएको र राष्ट्रिय दिवसका रूपमा यसलाई मनाउने थालिएको फागुन १५ गते सार्वजनिक बिदा दिइएको गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले जानकारी दिनुभयो। "पहिले सार्वजनिक बिदा दिइएको थिएन, मगर दिवसलाई भव्य रूपमा मनाउने गरिएको छ, यहाँ धेरै समुदायको बसोबास छ, हामीहरूले सबैको संस्कार संस्कृतिलाई समान रुपले हेर्नुपर्छ भन्ने लागेर सार्वजनिक बिदा दिने निर्णय गरेका हौं", अध्यक्ष घर्ती मगरले भन्नुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ कालिका मार्ग ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: कालिका मार्ग ढलान
स्थान: पोखरा–१२ कालिका मार्ग
योजना सम्झौता मिति : २०७९/०९/१९ गते
योजना सुरु भएको मिति : २०७९/१०/२ गते
योजना सम्पन्न मिति: २०७९/१०/२९ गते
योजनाको कुल लागत : रु. ५,५५,५५५ ।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,००० ।–
जन सहभागितावाट : रु.५५,५५५ ।–
उपभोक्ता समिति अध्यक्ष: पूर्ण बहादुर गुरुङ
सम्पर्क नं.: ९८६२३८३९३३
उपभोक्ता समिति सदस्य: ७ जना
पुरुष सदस्य: ४ महिला सदस्य: ३ जना

**कालिका मार्ग ढलान उपभोक्ता समिति**
**पोखरा-१२, कालिका मार्ग, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ काउरे चुरुङ्गा सडक मर्मत कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: काउरे चुरुङ्गा सडक मर्मत योजना
स्थान: पोखरा–१९ कास्की
योजना सम्झौता मिति : २०७९/०९/२५ गते
योजना सुरु भएको मिति : २०७९/०९/२६ गते
योजना सम्पन्न मिति: २०७९/११/१३ गते
योजनाको कुल लागत : रु. १३,३३,५६५ ।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१२,००,००० ।–
जन सहभागितावाट : रु.१,३३,५६५ ।–
उपभोक्ता समिति अध्यक्ष: मिनराज अधिकारी
सम्पर्क नं.: ९८४६४२२४०६
उपाध्यक्ष: रेशमलाल गौतम, सचिव: आनन्द श्रेष्ठ
कोषाध्यक्ष: पवित्रा अधिकारी (चुई)
उपभोक्ता समिति सदस्य: ७ जना
पुरुष सदस्य: ५ महिला सदस्य: २ जना

**काउरे चुरुङ्गा सडक मर्मत योजना निर्माण**
**उपभोक्ता समिति पोखरा-१९, लामाचौर, कास्की**


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



**जन्म :**
**२०६८/१०/०७ गते**

**स्वर्गारोहण :**
**२०७९/११/११ गते**

**स्व. संकल्प श्रेष्ठ**

हाम्रा प्रात स्मरणीय पनाति/नाति/छोरा/दाजु **संकल्प श्रेष्ठ**को १२ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**जिजु हजुरबा:**
हर्क बहादुर श्रेष्ठ
**हजुरबा/हजुरआमा:**
भरत/ अजिता श्रेष्ठ
**बाबा/आमा:**
सन्तोष/ कल्पना श्रेष्ठ
**काका/काकी:**
उज्जवल/ मिनु श्रेष्ठ
अनिश श्रेष्ठ

**निनी/ पाजु:**
गंगा/ डाइमण्ड विक्रम सिंह
**निनी अजि/पाजु:**
दमयन्ती/ श्यामकृष्ण प्रधान
कल्पना/ कृष्णकुमार श्रेष्ठ
**निनी:**
स्विटी श्रेष्ठ
**बहिनी:**
श्रृष्टी श्रेष्ठ
दिसना सिंह

**तथा सम्पूर्ण श्रेष्ठ परिवार**
**पोखरा-१३, बाँझापाटन**

## हार्दिक श्रद्धाञ्जली



**जन्म:**
**वि.स. २०१४/०२/१५ गते**

**स्वर्गारोहण:**
**वि.स. २०७९/११/०९ गते**

**स्व: नर कुमारी गुरुङ**

स्याङ्जा पुतलीबजार न.पा.–६ टक्सार घर भई हाल पोखरा–७ अन्नपूर्णटोल निवासी टक्सार बचत तथा ऋण सहकारी संस्थाको पूर्व उपाध्यक्ष एवम् टक्सार तमु आमा समूहका पूर्व अध्यक्ष समाजसेवी एवम् शिक्षासेवी हाम्रा प्रात स्मरणीय **नर कुमारी गुरुङ** को ६५ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी सम्पूर्ण परिवार मर्माहत एवं स्तब्ध भएका छौ। यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामीप्रति सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलुकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

**श्रीमान: देव गुरुङ**

**सासु/ससुरा:**
क्या. लाल बहादुर/धन कुमारी गुरुङ
**देवर/देवरानी:**
नर बहादुर/ देउ कमारी गुरुङ
भुपेन्द्र/ देउकी गुरुङ
फत्त बहादुर/ जमुना गुरुङ
दिनेश/ पुनम गुरुङ

**छोरा/ बुहारी:**
प्रकाश/ शर्मिला गुरुङ
अनिल/ मालती गुरुङ
सुदन/ मञ्जु गुरुङ
प्रतिक गुरुङ
रियन गुरुङ
रिजन गुरुङ
रियाज गुरुङ

**छोरी/ ज्वाइँ:**
अनिता/ अर्जुन गुरुङ
प्रतिक्षा/ जोत गुरुङ
मञ्जिता गुरुङ
गंगा गुरुङ
जमुना गुरुङ
स्मारीका गुरुङ
रियाशा गुरुङ

**नातिनातिनी:**
प्रियांशा, अरविन, युविका
युविषा, अनुष्का गुरुङ
**नन्दहरु:**
आशा गुरुङ/सुरज गुरुङ
रेनु गुरुङ/ भक्त गुरुङ
**भान्जाभान्जी:**
संगित गुरुङ
एलिशा गुरुङ

**एवम्**
**सम्पूर्ण तिङ्गे भाइ खलक परिवार**